# हाम्रो पुस्तकालय

(बालचित्रकथा)

विनय कसजू





बुक प्यालेस

Digitized By:

साझा शिक्षा ई-पाटी
OLE NEPAL

www.pustakalaya.org

www.olenepal.org



# हाम्रो पुस्तकालय
## (बालचित्रकथा)


लेखक : विनय कसजू

चित्र : प्रेम लम्साल



© सर्वाधिकार : लेखकमा



संस्करण : २०७०

प्रकाशक : बुक प्यालेस
प्रदर्शनीमार्ग, काठमाडौं
फोन नं. ४२४३३९४
email: bookpalace@hotmail.com

मुद्रण : क्रिएटिभ लिङ्क प्रा. लि
बागबजार, काठमाडौं
फोन नं. ४२१६९१३

ISBN : 978-9937-8338-8-2

हामी दिनदिनै पुस्तकालय जान्छौं ।
किताब पढ्छौं, खेलौना खेल्छौं ।



पुस्तकालय संचालिका मिस हुनुहुन्छ ।
मिसले हामीलाई माया गर्नु हुन्छ ।



रमाइला किताब रोजिदिनु हुन्छ ।
किताब झिक्न पनि सघाउनु हुन्छ ।



नयाँ किताब आउँदा थाहा दिनु हुन्छ ।
हरेक किताबमा के छ सबै भन्नु हुन्छ ।



पुस्तकबाट मिसले कथा भन्नु हुन्छ ।
पालैपालो हामी पनि कथा सुनाउँछौं ।



कहिले गीत गाउँदै सुनाउनु हुन्छ ।
नाच्न र गाउन सिकाउनु हुन्छ ।



हामी पनि मिससँग सँगै नाच्छौं गाउँछौं ।
मिठो बोली, राम्रो बानी धेरै कुरा सिक्छौं ।




रमाइलो खेल खेल्छौं, कथा कविता लेख्छौं ।
ज्ञानगुन, बोली बचन व्यवहार सिक्छौं ।



मन परेका किताब हामी घर पनि लग्छौं ।
जतनसँग पढेपछि फेरि फर्काउँछौं ।




हजुरबा र हजुरमालाई चित्र देखाउँछौं ।
रमाइला कथा सुनाई खुबै हँसाउँछौं ।



गृहकार्य सकेपछि कथाका किताब पढ्छौं ।
सपनामा पनि हामी पुस्तकालय पुग्छौं ।



पढ्छौं, खेल्छौं, नाच्छौं गाउँछौं, नयाँ सीप सिक्छौं
हाम्रो पुस्तकालयलाई हामी धेरै माया गर्छौं ।






## भूमिका


आधुनिक पुस्तकालय पुस्तक थुपार्ने र पढ्ने ठाउँ मात्रै होइन। पुस्तकालय बालबालिकाको रमाइलो गर्ने, खेल्ने, नाच्ने, गाउने, सिर्जनात्मक काम गर्ने ठाउँ पनि हो। यहाँ बालबालिकाहरू ज्ञानगुनका कुरा सिक्नुका साथै कलात्मक सीप र सामाजिक व्यवहार पनि सिक्छन्। साथै पुस्तकमा छापिएका कथा नाटकको अभिनय गर्ने, पुस्तकका बारेमा छलफल गर्ने, पुस्तकको महत्व बुझ्ने र पुस्तकलाई माया गर्न सिक्ने ठाउँ पनि हो पुस्तकालय। नियमित रूपमा पुस्तकालयमा जाने बालबालिकाको शैक्षिक विकास राम्रो हुनुका साथै उनीहरूको भविष्य उज्ज्वल हुन्छ। यो पुस्तक बालबालिकालाई पुस्तकालायप्रति आकर्षित गर्ने उद्देश्यले तयार पारिएको छ। बालबालिका र अभिभावकहरूले यो पुस्तक उपयोगी पाउनु हुने छ भन्ने हाम्रो विश्वास छ।

धन्यवाद।

बुक प्यालेस

## बालसाहित्यका हाम्रा प्रकाशनहरु
































बुक प्यालेस
प्रदर्शनीमार्ग, काठमाडौं, नेपाल
फोन नं.: ४२४३३९४
*email: bookpalace@hotmail.com*

मूल्य: रू. ६५/-

ISBN 99937833882